# मध्यबिन्दु नगरपालिका

## मध्यबिन्दु, नवलपरासी

## सहकारी प्रवर्द्धन कोष व्यवस्थापन कार्यविधि, २०७४

**प्रस्तावनाः** नेपालको संविधान, २०७२ को अनुसूचि ९ मा सहकारीलाई स्थानीय तहको एकल अधिकार सूचिमा राखिएको छ । मध्यबिन्दु नगरपालिकाको आर्थिक वर्ष ०७४/०७५ को नीति, कार्यक्रम तथा बजेट वक्तब्यमा सहकारी क्षेत्रलाई नगरपालिकाको आर्थिक विकासको मेरुदण्डको रुपमा लिईएको छ । सहकारी प्रवर्द्धनका लागि गर्नुपर्ने व्यवस्थापकीय कार्यका लागि चाहिने रकमको व्यवस्थापन गर्न आवश्यक भएकोले यो कार्यविधि बनाई लागू गरिएको छ ।

१) **नाम :** यस कार्य विधिको नाम *सहकारी प्रवर्द्धन कोष व्यवस्थापन कार्यविधि, २०७४* हुनेछ ।

२) **प्रारम्भ** : यो कार्यविधि संवत् २०७४ श्रावण १ देखि नै लागु हुनेछ ।

३) **परिभाषा :**

३.१ नगरसभाः नगरसभा भन्नाले मध्यबिन्दु नगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।

३.२ नगर कार्यपालिकाः नगर कार्यपालिका भन्नाले मध्यबिन्दु नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

३.३ नगरपालिकाः नगरपालिका भन्नाले मध्यबिन्दु नगरपालिकालाई सम्झनु पर्दछ ।

३.४ कोषः कोष भन्नाले बुँदा नं. ४ अनुसार सञ्चालित कोष भन्ने सम्झनु पर्दछ ।

३.५ सञ्जालः सञ्जाल भन्नाले मध्यबिन्दु नगरपालिका क्षेत्र भित्र स्थापना भई क्रियाशिल सहकारी संस्थाहरुद्धारा गठित सञ्जाल भन्ने सम्झनु पर्दछ !

३.६ सहकारीः सहकारी भन्नाले मौजुदा कानून अनुसार गठित मध्यबिन्दु नगरपालिका क्षेत्र भित्र स्थापित सहकारी सम्झनु पर्दछ ।

३.७ समितिः समिति भन्नाले बुँदा नं. ८ अनुसार गठित कोष व्यवस्थापन समिति भन्ने सम्झनु पर्दछ ।

४. **कोषमा प्राप्त हुने रकमको स्रोतः** यस कोषमा निम्न बमोजिमको स्रोतबाट रकम प्राप्त हुन सक्नेछ ।

४.१ अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत प्राप्त हुने रकम ।

४.२ सहकारी संस्थाहरुबाट प्राप्त हुने रकम ।

४.३ नगरपालिकाको आन्तरिक राजश्वबाट प्राप्त हुने रकम ।

४.४ अन्य व्यक्ति, संस्था वा दाताबाट प्राप्त हुने रकम ।

५. **कोषको उपयोगः** कोषमा जम्मा भएको रकम कोष सञ्चालक समितिको निर्णयानुसार स्वीकृत कार्यक्रम कार्यान्वयनमा खर्च गरिने छ ।

६. **कोषको खाता सञ्चालनः** नगरपालिकाको कार्यकारी अधिकृत वा कार्यकारी अधिकृतले तोकेको नगरपालिकाको कर्मचारी र सहकारी सञ्जालले तोकेको प्रतिनिधिको संयुक्त दस्तखतद्धारा सञ्चलन हुनेछ । कोषको खाता सञ्जालले सिफारिस गरेको वचत तथा ऋण सहकारी संस्थामा रहनेछ ।

शिवराज सेढाई
कार्यकारी अधिकृत

चन्द बहादुर राना
प्रमुख

**७. कोष प्रवाहः**

७.१ अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत् नगरपालिकाको सञ्चित कोषमा प्राप्त हुने रकम समितिको निर्णयानुसार कोषको खातामा प्रवाह हुनेछ ।

७.२ कोषको खातामा रहेको रकम सञ्चालक समितिले स्वीकृत गरेका कार्यक्रममा खर्च गर्नका लागि रकम प्रवाह हुनेछ ।

७.३ स्वीकृत कार्यक्रम सञ्चालन गर्ने व्यवस्था व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. कोष व्यवस्थापन समितिः**

८.१ कोष व्यवस्थापन समितिमा निम्न पदाधिकारीहरु रहने छन् ।

| | |
|---|---|
| क) नगर प्रमुख | – अध्यक्ष |
| ख) कार्यकारी अधिकृत | – सदस्य |
| ग) सहकारी सञ्जालको प्रतिनिधि (१ जना महिला सहित) | – सदस्य ३ जना |
| घ) आर्थिक प्रशासन शाखा प्रमुख | – सदस्य |
| ङ) आर्थिक विकास शाखा (सहकारी क्षेत्र हेर्ने कर्मचारी) | – सदस्य सचिव |

८.२ व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार र जिम्मेवारीः

८.२.१ सहकारी सम्बन्धी कार्यक्रम स्वीकृत गर्ने ।

८.२.२ सहकारी सञ्जालसँग समन्वय गर्ने ।

८.२.३ कोषको सञ्चालन सम्बन्धि व्यवस्थापन कार्य गर्ने ।

८.३ समितिको कार्य सम्पादन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**९. बिबिधः**

९.१ यस कार्यविधिको कार्यन्वयन सम्बन्धी अन्तिम जिम्मेवारी कोष व्यवस्थापन समितिमा निहित रहनेछ ।

९.२ यस मापदण्डमा उल्लेख गरिएका व्यवस्थाहरु यसै मापदण्ड बमोजिम हुनेछन् र प्रचलित कानूनसँग बाझिएको हकमा प्रचलित कानून बमोजिम हुनेछन् ।

शिवराज सेढाइ
कार्यकारी अधिकृत

बहादुर राना
प्रमुख

२०७४/५/१५